भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद,तनहुँ
गण्डकी प्रदेश, नेपाल

## सेनेटरी प्याड खरिद सम्बन्धी सिलवन्दि दरभाउपत्र आव्हानको सूचना

**दरभाउपत्र नं.: 04/BM/MUN(EDU)/077/078/SQ/Goods**

**प्रथम पटक प्रकाशित २०७७/१२/१४**

यस भिमाद नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत किशोरी अवस्थाका छात्राहरुलाई महिनावारीका समयमा निःशुल्क वितरण गर्न सेनेटरी प्याड दरभाउपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. यो सूचना राष्ट्रिय वा स्थानीय दैनिक पत्रिकामा प्रथम पटक प्रकशित भएको मितिले **१७ औ दिन अर्थात मिति २०७७/१२/३०** गते सम्म कार्यालय समय भित्र रु १,०००।— (अक्षेरुपी एक हजार मात्र) यस कार्यालयको राजश्व शाखामा तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयको शिक्षा शाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र फाराम खरिद गर्न लिखित निवेदन साथ आ.व. ०७७/०७८ सम्मको लागि नविकरण गरिएको सेनेटरी प्याड विक्रि व्यवसाय संचालन गर्न पाउने इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ.कर दर्ता प्रमाणपत्र र आ.व. ०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्र समेतका प्रतिलिपि संलग्न राखी प्रोपाइटर स्वयं उपस्थित भई वा आधिकारिक मञ्जुरीनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिनेछ ।

३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १८ औ दिन अर्थात मिति २०७७/१२/३१ गतेको १२.०० वजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नुपर्नेछ । म्यादभित्र दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २.०० वजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न वाधा पर्नेछैन ।

४. दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

५. दरभाउपत्रदाताले आफुले पेश गरेको दरभाउपत्रको सिलवन्दी खाम वाहिर दरभाउपत्र पेश गरेको कार्यालयको नाम, दरभाउपत्र नं. र कामको विवरण उल्लेख गर्नुपर्नेछ साथै उक्त सिलबन्दी खाम वाहिर स्पष्ट रुपमा दरभाउपत्रदाताले आफ्नो नाम र ठेगाना समेत उल्लेख गर्नुपर्नेछ ।

६. दरभाउपत्रदाताले धरौटी वापत रु. ४१,५००।०० (अक्षेरुपी एकचालिस हजार पाँच सय मात्र) भिमाद नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा एन.आई.सि.एशिया बैंक लि., भिमाद शाखामा रहेको धरौटी खाता (खाता नं. **A7CA500649524004**) मा जम्मा गरेको सक्कल वैंक भौचर वा कम्तीमा ७५ दिन (दरभाउपत्र दाखिला गर्ने कम्तीमा अन्तिम दिन बाट) म्याद कायम रहेको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयका नाउमा जारी भएको बैङ्क जमानत (विडवण्ड) दरभाउपत्रसाथ संलग्न राख्नुपर्नेछ । दरभाउपत्र स्वीकृत भएमा कुल कबोल अंक (मु.अ.कर सहित) को ५ प्रतिशत सम्मले नपुग हुने थप धरौटी वापतको रकम माथि उल्लेखित धरौटी खातामा दाखिला गरेको सक्कलै बैङ्क भौचर वा सामान आपूर्ति गर्ने अन्तिम अवधिभन्दा घटीमा ३० दिन वढी म्याद कायम रहेको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नुपर्नेछ। बोलपत्र जमानत (Bid Bond) राखेकोमा पछि कार्यसम्पादन जमानतमा परिणत गर्न पाईनेछैन ।

७. दरभाउपत्रको सेनेटरी प्याड खरिदका लागि एउटै BOQ संलग्न हुनेछ ।दरभाउपत्रदाताले आफुले कवोल गरेको सेनेटरी प्याडको दररेट अंक र अक्षर दुवैमा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८. दरभाउपत्रदाताले दररेट उल्लेख गर्दा केरमेट गरी लेखेको वा टिपेक्स लगाएको स्थानमा सहिछाप गरेको हुनुपर्नेछ ।साथै दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाताको आधिकारीक व्यक्तिको सहि र छाप अनिवार्य रुपमा लगाएको हुनुपर्नेछ । दरभाउपत्र फारामको फोटोकपी गरि पेश गरेको, यस कार्यालयबाट विक्रि नभएको तथा एक व्यक्ति वा फर्मको नाउमा विक्री भएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको तर्फबाट पेश गरेको दररेट अंक र अक्षर दुवैमा नलेखिएको, एक आपसमा

शमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत

मिलेमतो गरी दरभाउपत्र पेश गरेको वा फर्मको तर्फबाट कुनै शर्त राखि पेश गरेको दरभाउपत्रलाई मान्यता दिईनेछैन । साथै म्याद नाघी र रित नपुगि प्राप्त दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

९. विल अफ क्वान्टिटीज (BOQ) मा उल्लेखित सेनेटरी प्याडको परिमाणमा थपघट भएमा दरभाउपत्रदाताले कवोल गरेको प्रति इकाई दररेटमा उपलब्ध गराउनु पर्नेछ ।

१०. आपूर्तिकर्ताले खरिदकर्ताको कार्यालय हातासम्म ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु स्वयंले व्योहोर्नुपर्नेछ ।

११. आपुर्तीकर्ताले आपुर्ती गर्ने सेनेटरी प्याडको गुणस्तर सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ (संशोधन सहित) को अनुसूचि १ बमोजिम रहेको भन्ने स्व:घोषणाको लिखित कागजात पेश गर्नुपर्नेछ। साथै सिलबन्दी दरभाउपत्रका साथ आपूर्ति गर्ने सेनेटरी प्याडको नमूना समेत संलग्न राख्नुपर्ने छ ।नमुना पेश नगर्ने दरभाउपत्र दाताको दरभाउपत्रलाई मूल्याकंनमा समावेश गरिने छैन । दरभाउपत्र दाताले पेश गरेको नमूना बमोजिमका सेनेटरी प्याडहरु खरिद सम्झौता भए पश्चात सोही गुणस्तरका सेनेटरी प्याड उपलब्ध गराउनु पर्नेछ ।आपूर्ति भइसकेपछि उक्त कार्यविधिको अनुसूचि १ बमोजिमको गुणस्तर रहेको नपाइएमा त्यसको पूर्ण जिम्मेवारी आपूर्तिकर्ताले लिनुपर्नेछ ।

१२. आपुर्ती गर्ने सेनेटरी प्याडको मान्य अवधि मिति (expiry date) स्टोर दाखिला भएको दिनबाट कम्तिमा १८ महिना बाँकी भएको हुनुपर्नेछ र १८ महिना भन्दा कम expiry date भएको सेनेटरी प्याडको हकमा स्टोर दाखिला मितिले ७५% म्याद बाँकी हुनुपर्नेछ ।

१३. आपुर्ती हुने सेनेटरी प्याडहरुको प्रत्येक प्याकिङ्गमा प्याकिङ्गको वाहिर उत्पादन मिति, expiry date, तथा व्याच नं. र "नेपाल सरकारबाट निशुल्क वितरणका लागि" भनि उल्लेख भएको हुनुपर्नेछ ।

१४. नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१५. कुनै दरभाउपत्रदाताले दरभाउपत्रमा कुनै संशोधन गर्न वा दरभाउपत्र फिर्ता लिन सक्ने छैन ।

१६. दरभाउपत्र स्वीकृत भई यस कार्यालयले तोकेको अवधि भित्र एकैपटक सेनेटरी प्याड उपलब्ध गराउनु पर्नेछ ।आपुर्ती गर्ने सेनेटरी प्याडहरुको केही अंश वा सम्पूर्ण मालासामान वुझाउन नसकेमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम कारवाही हुनेछ ।

१७. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (२) (ङ) बमोजिम दरभाउपत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

१८. दरभाउपत्र दाताले उपलब्ध गराउने सेनेटरी प्याड स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनको लागि जारी गरेको सक्कल अधिकारपत्र (Authorization Letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै अधिकारपत्र (Authorization Letter) पेश गर्नुपर्नेछ ।

१९. दरभाउपत्र स्वीकृती पश्चात कुनै कारणवश वजारमा सेनेटरी प्याडको अभाव वा अन्य कारणहरुले गर्दा दरभाउपत्रमा कवोल गरिए वमोजिमको आईटम सप्लाई गर्न नसकेमा सोको कारण कार्यालयलाई मनासिव लागेमा सम्बन्धित आईटमको लागत कट्टी गरि आईटमहरुको भुक्तानी गर्न सकिनेछ ।

२०. यो सूचनामा उल्लेख नभएको अन्य कुराहरु सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित कानुन वमोजिम हुनेछ ।

विस्तृत जानकारीका लागि भिमाद नगरपालिकाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल